# धवलागिरी गाउँपालिका

मुना, म्याग्दी

# विनियोजन ऐन – २०८०

**पारित्र मिति – २०८० साल असार ०७**

# धवलागिरी गाउँपालिकाको
# विनियोजन ऐन, २०८०

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

गाउँ सभाबाट स्वीकृत मिति: २०८०/ ०३/०८ गते

**प्रस्तावना**

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च, सामाजिक सुरक्षा भत्ता र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु . ४३,८९,५४,२००.०० **(अक्षरुपी: त्रिचालीस करोड उनानब्बे लाख च्वाउन्न हजार दुई सय रुपैंया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त धवलागिरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षक को जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा

निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षक बाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूची -१

(दफा २ सँग सम्वन्धित)

**नेपालको संविधान धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका(संघ र प्रदेशको समपुरक र विशेष अनुदान समेत) | ११,४५,०४,२००.०० (एघार करोड पैचालिस लाख चार हजार दुई सय) | १२,६१,५०,०००.०० (बाह्र करोड एकसठ्ठी लाख पचास हजार) | | २४,०६,५४,२००.०० (चौविस करोड छ लाख चौउन्न हजार दुई सय) |
| २ | | सशर्त अनुदान | १८,१३,००,०००.०० (अठार करोड तेह्र हजार) | १,७०,००,००० (एक करोड सत्तरी लाख) | | १९,८३,००,००० (उन्नाइस करोड त्रियासी लाख) |
| जम्मा | | | २९,५८,०४,२००.०० (उन्तीस करोड अन्ठाउन्न लाख चार हजार दुई सय) | १४,३१,५०,०००.०० (चौध करोड एकतीस लाख पचास हजार) | | ४३,८९,५४,२०० (त्रिचालीस करोड उन्नब्बे लाख चौउन्न हजार दुई सय) |

प्रेम प्रसाद पुन
अध्यक्ष